शिवपुरी गाउँपालिका
शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| खण्डः ६ | संख्याः ८ | मितिः२०७९/०९/२४ |
|---|---|---|

## भाग – २

शिवपुरी गाउँपालिका भित्र स्थायी रुपमा बसोवास गरेका ६० वर्ष माथीका जेष्ठ नागरिकहरुलाई स्वास्थ्यमा कुनै न कुनै समस्या भई उपचाररत रही लामो समय सम्म औषधि सेवन गर्नुपर्ने अवस्था रहेको तथा विभिन्न नसर्ने रोगहरुवाट ग्रसीत भएका र तरुन्त स्वास्थ्य संस्थामा पुग्न असमर्थ गरिव असहाय जेष्ठ नागरिकहरुलाई नीजहरुको घर टोलमा नै गएर स्वास्थ्यकर्मी वाट नियमित स्वास्थ्य जाँच गर्ने तथा विशेषज्ञ डाक्टरवाट रोग पुष्ठि भई नियमिति औषधि सेवन गर्नुपर्ने, आर्थीक अवस्था न्युन भएका ब्यक्तिहरुलाई सम्वन्धित स्वास्थ्य संस्था/वडाको सिफारिसमा कार्यक्रम संचालन गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# अध्यक्ष संग बृद्ध बृद्धा कार्यक्रमको कार्यान्वयन कार्यविधि २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/२४**

**प्रस्तावनाः**

यस शिवपुरी गाउँपालिका अन्तर्गतका ८ वटै वडाहरुमा स्थायी रुपमा बसोवास गरेका ६० वर्ष माथीका जेष्ठ नागरिकहरुलाई स्वास्थ्यमा कुनै न कुनै समस्या भई उपचाररत रही लामो समय सम्म औषधि सेवन गर्नुपर्ने अवस्था रहेको तथा विभिन्न नसर्ने रोगहरुवाट ग्रसीत भएका र तरुन्त स्वास्थ्य संस्थामा पुग्न असमर्थ गरिव असहाय जेष्ठ नागरिकहरुलाई नीजहरुको घर टोलमा नै गएर स्वास्थ्यकर्मी वाट नियमित स्वास्थ्य जाँच गर्ने तथा विशेषज्ञ डाक्टरवाट रोग पुष्ठि भई नियमिति औषधि सेवन गर्नुपर्ने, आर्थीक अवस्था न्युन भएका ब्यक्तिहरुलाई सम्वन्धित स्वास्थ्य संस्था/वडाको सिफारिसमा कार्यक्रम संचालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) को प्रावधान अनुरुप शिवपुरी गाउँकार्यपालिकाले यो कार्य विधि स्वीकृतगरी जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम "अध्यक्ष संग बृद्ध बृद्धा कार्यक्रम कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि शिवपुरी गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यालय" भन्नाले शिवपुरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) "लक्षित वर्ग" भन्नाले शिवपुरी गाउँपालिकामा बसोवास गर्ने दफा ४ मा उल्लेखित वर्गलाई सम्झनुपर्दछ ।

ग) "गाउँपालिका" भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) "सभा" भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ) कार्यपालिका भन्नाले शिवपुरी गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

च) "कार्यविधि" भन्नाले अध्यक्ष संग बृद्ध बृद्धा कार्यक्रम कार्यविधि २०७९ सम्झनु पर्दछ ।

**३. लक्षित व्यक्ति छनौट तथा अनुगमन समिति :** (१) शिवपुरी गाउँपालिका भित्रका स्वास्थ्य समस्या भएका जेष्ठ नागरिकहरु को छनौट तथा अनुगमन गर्न गाउँपालिकाको प्रत्येक वडामा देहाय बमोजिम ३ सदस्यीय एक समिति रहने छ ।

| | |
|---|---|
| वडा अध्यक्ष | संयोजक |
| स्वास्थ्य संस्थाका अ.न.मी. | सदस्य |
| स्वास्थ्य संस्था प्रमुख | सदस्य |

**४ छनौट तथा अनुगमन समितिको काम , कर्तब्य र अधिकार :**

क) लक्षित वर्गको पहिचान गरी जानकारी गराउने ।

ख) वडागत टोल टोलमा मधुमेह ,ब्लड प्रेसर स्कीनिङ गर्ने र तथ्यांक संकलन गर्ने ।

ग) मधुमेह र ब्लड प्रेसरको औषधि नियमित सेवन गरेका ब्यक्तिहरुको तथ्यांक संकलन गर्ने ।

घ) सेवा प्राप्त गर्ने जेष्ठ नागरिकहरुको अभिलेख अनुसूचि २ बमोजिम तयार गर्नुपर्ने ।

ङ) नसर्ने रोगहरुका वारेमा परामर्श सेवा प्रदान गर्ने ।

**५ लक्षित वर्ग छनौटका मापदण्डहरु :**

क) शिवपुरी गाउँपालिकाको स्थायी जेष्ठ (६० वर्ष पूरा भएको) नागरिक, नागरिकताको प्रमाण पत्र, सम्वन्धित वडा कार्यालयको सिफारिस ।

ख) प्रत्येक वडामा रहेको ३ सदस्यीय समितिको सिफारिस ।

**६ छनौट भएका ब्यक्तिहरुलाई औषधि वितरण :**

क) मधुमेह र उच्च रक्तचाप रोग पुष्ठी भई औषधि सेवन गरिरहेको नागरिकहरु

ख) टोलटोलमा मधुमेह र प्रेसर स्किनिङ पश्चात नामाबली तयार गरि सो नामावली वडा स्तरीय समितिवाट सिफारिस भई आधारभुत अस्पतालका मे.अ.को सिफारिस बमोजिम ।

**७.वितरण हुने औषधिको नामावली**

१) उपलब्ध गराइने औषधिहरु देहाय बमोजिम रहने छ ।

| | |
|---|---|
| 1 | amlodipine 5 mg |
| 2 | amlodipin 10 mg |
| 3 | metformin 500 mg |
| 4 | metformine 850mg |
| 5 | metformine 1000mg |
| 6 | amitriptyline 10 mg |

| | |
|---|---|
| 7 | Amitriptyline 25 mg |
| 8 | losarten 25 mg |
| 9 | losarten 50 mg |
| 10 | atorvastatin 5 mg |
| 11 | atorvastatin 10 mg |
| 12 | asthalin rota cap |
| 13 | propranolol 10 mg |
| 14 | propranolol 20 mg |
| 15 | Frusemide 20 mg |
| 16 | Frusemide 40 mg |
| 17 | Aasma XR 150 mg |
| 18 | Aasma XR 300 mg |

२) गाउँ सभा तथा गाउँपालिकाको निर्णय बमोजिम अन्य औषधिहरु थप गर्न सकिने छ ।

**८ वितरण विधि :** मासिक रुपमा टोल टोलमा सम्वन्धित वडाका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी उपस्थित भई आवश्यक Follow Up का लागि अनुसूचि २ बमोजिम विवरण राखी लाभग्राही कार्ड बनाई सम्वन्धित लाभग्राहीलाई उपलब्ध गराइने छ ।

**९ सेवा तथा सुविधा :** यस कार्यक्रममा स्क्रिनिङ गर्न टोल टोलमा खटिई जाने स्वास्थ्यकर्मीहरुलाई प्रति वडा यातायात खर्च वापत एकमुष्ठ १०,०००।- का दरले बार्षिक उपलब्ध गराइने छ ।

१० कार्यक्रम संचालन पश्चात शिवपुरी गाउँपालिका स्वास्थ्य शाखाले अनुसूची २ बमोजिम मासिक प्रतिवेदन तयार गर्नेछ र आबश्यकता अनुसार गाउँपालिका तथा संघिय र प्रादेशिक मन्त्रालय वा सम्वन्धित निकायहरुमा पठाउँनु पर्नेछ ।

**११.कारवाही सम्वन्धि ब्यवस्था :** यस कार्यविधिमा तोकीएको मापदण्ड पुरा नगरी झुठा विवरण पेश गरि सेवा लिनु दिनु हुदैन लिए दिएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२ संशोधन :** यो कार्यविधि संशोधन गर्नु परेमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१३. बचाउ र खारेजी :** नेपाल सरकारको नीतिगत निर्णय तथा निर्देशन र गाउँसभा वा गाउँकार्यपालिकाको यस अघि भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भए गरेका मानिने छ ।

# अनुसूचि १

## अध्यक्ष संग बृद्धबृद्धा कार्यक्रमको लागि तथ्याङ्क संकलन फाराम

पलिकाको नाम : शिवपुरी गाउँपालिका स्वास्थ्य
संस्थाको नाम :
वडा नं :

| सि.नं | नाम थर | उमेर | साविक गा.वि.स.र वडा नं | टोल | BP | Sugar (F/R) | पहिचान भएको समस्या/रोग | लिइरहेको मुख्य मुख्य औषधि | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |

## अनुसूचि २
## अध्यक्ष संग बृद्धबृद्धा कार्यक्रमको अभिलेखको ढाँचा

| आ.व. | | | | | |
|---|---|---|---|---|---|
| **महिना** | **रक्तचाप** | **सुगर जाँच** | **नियमित प्रयोग भएका औषधिहरु** | **उपलब्ध गराइएका औषधिको नाम र परिमाण** | **जाँच गर्ने स्वास्थ्यकर्मीको नाम/पद** |
| बैशाख | | | | | |
| जेष्ठ | | | | | |
| असार | | | | | |
| श्रावण | | | | | |
| भाद्र | | | | | |
| अशोज | | | | | |
| कार्तीक | | | | | |
| मंसीर | | | | | |
| पौष | | | | | |
| माघ | | | | | |
| फाल्गुण | | | | | |
| चैत्र | | | | | |

**आज्ञाले**

**वसन्त कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**